नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५६) काठमाडौं, असार २८ गते २०६३ साल (अतिरिक्ताङ्क २३ (ख

भाग ३

भूल सुधार

खण्ड ५६, अतिरिक्ताङ्क २३, मिति २०६३।३।२८ को नेपाल राजपत्र भाग ३ मा यस मन्त्रालयबाट प्रकाशित सूचना अन्तर्गत सामयिक कर असुल ऐन, २०१२ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले जारी गरेको आदेशको दफा ५, ६ र ७ मा देहायबमोजिम हुनु पर्नेमा अन्यथा हुन गएको ले भूलसुधार गरिएको छ।

"५. अन्तःशुल्कः आर्थिक वर्ष २०६३।०६४ मा नेपाल राज्यभित्रको मिल वा कारखानामा उत्पादन वा तयार भएका मालवस्तु वा पदार्थ वा पैठारी भएका मालवस्तु वा सेवामा अनुसूची बमोजिम अन्तःशुल्क लगाइने र असुल उपर गरिने छ।

६. मूल्य अभिवृद्धि करः आर्थिक वर्ष २०६३।०६४ मा अनुसूची बमोजिम मूल्य अभिवृद्धि कर लगाइने र असुल उपर गरिनेछ।

७. सेवा शुल्कः आर्थिक वर्ष २०६३।०६४ मा देहायबमोजिम सेवा शुल्क लगाई असुल उपर गरिनेछः (१) वैदेशिक रोजगारीको लागि विदेश जाने प्रत्येक व्यक्तिबाट लाग्ने कूल खर्चको दुई प्रतिशत वैदेशिक रोजगार सेवा शुल्क वापत असुल उपर गरिनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) नेपाल सरकारले प्रदान गर्ने स्वास्थ्य सेवा र सामुदायिक अस्पतालहरूले प्रदान गर्ने स्वास्थ्य सेवा बाहेकका अन्य निकायहरूले प्रदान गर्ने स्वास्थ्य सेवाहरूमा पाँच प्रतिशतका दरले स्वास्थ्य सेवा शुल्क लाग्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिमको शुल्क कारोबार संचालन गर्नेले विजक जारी गरी असुल उपर गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको शुल्कबाट त्यस्ता वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूको सामुयिक जीवन बीमा गर्नु पर्नेछ ।

(५) उपदफा (१) बमोजिमको शुल्क छुट्टै खाता खोली रकम जम्मा गरिनेछ र सोको प्रशासन आन्तरिक राजस्व विभागले गर्नेछ। अन्य कार्यविधि विभागले तोके बमोजिम हुनेछ ।

(६) उपदफा (१) वा (२) मा उल्लिखित सेवा शुल्कको प्रशासन सम्बन्धी व्यवस्था अन्तःशुल्क ऐन तथा नियमबमोजिम हुनेछ ।"

अर्थ मन्त्रालय ।

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू. ५।-
गो.हु.व नं. १६।२०६२।६३

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।